# प्रि-के / किण्डरगार्टेन तयारी वस्तुसूची निगरानीकर्ता (केयरटेकर) - 1/3

तपाईंको छोरा/छोरी स्कूल जाने उमेरको भएपछि तपाईंलाई उनमा उनको बाल्यकालको यो चुनौतीपूर्ण भागमा आवश्यक पर्ने सीप विकास भएको छ कि छैन होला भनेर सोच्दै हुनुहुन्छ होला । यस परिवर्तनमा तपाईंका बलबच्चालाई सहयोग पुऱ्याउनका लागि, पेनसिल्भानिया माइग्रेन्ट एजुकेसन प्रोग्रामले तपाईंलाई प्रान्तभरि स्कूल डिस्ट्रिक्ट तथा प्रिस्कूल कार्यक्रमहरूले स्कूलमा गर्ने अनुभवका आवश्यक विद्यालयीय सीपहरू प्राप्त गर्न सक्ने/नसक्ने कुरा बुझ्नको लागि निरन्तर रूपमा हेर्ने व्यवहारहरूको निम्न सूची प्रदान गरेको छ । आफ्नो छोराछोरीसँग घरमै विभिन्न क्रियाकलापहरू गर्नाले उनलाई स्कूलमा सहज रूपमा र रमाइलोसँग घुलमिल हुने कुरा सुनिश्चित गर्नमा सघाउ पुऱ्याउनेछ । कृपया के कुरामा ध्यान दिनुहोस् भने, स्थानीय रूपमा निर्धारण गरिएका विद्यालय जाने उमेर अनुसारका मापदण्डहरू पूरा गर्ने जुनसुकै बालबालिका किण्डरगार्टनमा भर्ना हुन योग्य हुने छन् । यो स्रोत किण्डरगार्टनका लागि योग्य उमेरका बालबालिकालाई वञ्चित गराउनका लागि कहिल्यै प्रयोग हुनुहुँदैन ।

| **सक्छन्** | **अझै सक्दैनन्** | # | **सामाजिक तथा भावनात्मक विकास** | **सक्छन् को उदाहरण** |
|---|---|---|---|---|
| | | 1 | तपाईंको छोराछोरीले आमा र बाबुसँग अलग हुँदा कुनै प्रतिक्रिया व्यक्त गर्छन् ? | छोरा/छोरी सहज रूपमा खुसी साथ अलग हुन्छन् । |
| | | 2 | तपाईंका छोरा/छोरीलाई परिवारका सबै सदस्यको नाम थाहा छ ? | छोरा/छोरीले घरका सबै सदस्यलाई नामले चिन्दछन् र हरेक सदस्यका बारेमा आफूलाई थाहा भएका केही कुरा बताउँछन् । |
| | | 3 | तपाईंका छोरा/छोरीले साधारण झगडा आफैँ समाधान गर्छन् ? | छोरा/छोरीले आफ्ना र अरूका आवश्यकता र इच्छाका बारेमा सोच्दै आफैँ द्वन्द्वको समाधान गदर्छन् । |
| | | 4 | तपाईंका बच्चालाई नियम र त्यसका परिणामहरूका बारेमा थाहा छ ? | बच्चालाई नियमका बारेमा थाहा छ र यी नियमहरू पालना गर्दछन् र यी नियम बनाउनका कारणहरू बताउँछन् । |

| **सक्छन्** | **अझै सक्दैनन्** | # | **भाषा र साक्षरता विकास** | **सक्छन् को उदाहरण** |
|---|---|---|---|---|
| | | 1 | तपाईंका छोरा/छोरीलाई आफ्नो नाम, थर र उमेर थाहा छ ? | बच्चाले आफ्नो पूरा नाम बताउँछन् र औँला देखाएर आफ्नो उमेर बताउँछन् । |
| | | 2 | तपाईंका छोरा/छोरीले अक्षर र अङ्क छुट्याउन सक्छन् ? | बच्चाले केही अक्षर र केही अङ्कहरू चिनेर भन्न सक्छन् । |
| | | 3 | तपाईंका बच्चाले किताबको अगाडीको आवरण, पछाडीको आवरण र किताबको शीर्षक देखाउन सक्छन् ? | बच्चाले यी तीन वटै कुरा औँल्याउन सक्छन् । |
| | | 4 | तपाईंको बच्चाले सुनेको कथा सही क्रम मिलाएर भन्न सक्छन् ? | बच्चाले तस्बिर या घटनाहरूका बारेमा सही क्रम मिलाएर बताउन सक्छन् । |
| | | 5 | तपाईंका बच्चाले अक्षर जस्ता आकार वा छापा अक्षर प्रयोग गरेर नाम लेख्न सक्छन् ? | बच्चाले धेरैजसो अक्षर मिलाएर आफ्नो नाम लेख्न सक्छन् । |

| | | | | |
|---|---|---|---|---|
| | | 6 | तपाईंका बच्चाले दुई-चरणीय निर्देशनहरू पालना गर्न सक्छन् ? | बच्चाले निर्देशनहरूमा प्रतिक्रिया व्यक्त गर्दछन् र भन्न खोजेको कुरा बुझ्छन् । |
| | | 7 | तपाईंको बच्चालाई आफ्नो अनुभव बताउन भन्यो भने बताउन सक्छन् ? | बच्चाले व्यक्तिगत सोचाइ, भावना र विचारका बारेमा कुरा गर्दछन् । |
| | | 8 | तपाईंको छोरा/छोरीले बोल्दा पूरा वाक्यमा बोल्दछन् ? | बच्चाले अङ्ग्रेजी भाषामा पूर्ण वाक्य सहित कुराकानी गर्न सक्दछन् । |

# प्रि-के / किण्डरगार्टन तयारी वस्तुसूचि निगरानीकर्ता (केयरटेकर) - 2/3

| सक्छन् | अझै सक्दैनन् | # | गणितीय सोचाइ र अभिव्यक्ति | सक्छन् को उदाहरण |
|---|---|---|---|---|
| | | 1 | तपाईंको बच्चाले १ देखि कम्तिमा २० सम्म गन्न सक्छन् ? | बच्चाले १ देखि २० सम्म गन्न सक्छन् । |
| | | 2 | तपाईंको बच्चाले कम्तिमा ४ वटा आकारहरू चिन्न सक्छन् ? उदाहरण - वर्ग, गोलाकार, त्रिकोण, चतुर्भुज) | बच्चाले आकारहरू देखाएर तिनको नाम बताउन सक्छन् । |
| | | 3 | तपाईंको बच्चाले दैनिक रूपमा देखिने वस्तु कुन स्थानमा छन् भनेर बताउन सक्छन् ? | कुन वस्तु कहाँ छ भन्ने बताउनका लागि बच्चाले स्थान जनाउने शब्द (माथि, पछाडी, मुनि, अर्कोपट्टि, अगाडीपट्टि आदि) वा क्रम जनाउने शब्द (पहिलो, अन्तिम आदि) प्रयोग गर्दछन् । |
| | | 4 | तपाईंको बच्चाले कम्तिमा ५ वटा वस्तुलाई आकार, परिमाण, आकार वा रङ्ग जस्ता गुणको आधारमा क्रम मिलाउन, वर्गीकरण, तुलना गर्न सक्छन् ? | बच्चाले एक गुणको आधारमा क्रम मिलाउन सक्छन् । बच्चाले जनावर खलौना र कारहरू छुट्ट्याएर राखे । |

| सक्छन् | अझै सक्दैनन् | # | खेलका माध्यमबाट सिकाइ विधि | सक्छन् को उदाहरण |
|---|---|---|---|---|
| | | 1 | तपाईंको बच्चालाई नयाँ विषय, विचार र काम मनपर्छ ? | बच्चाले कुनै नयाँ कुरा बुझ्न प्रश्न गर्दछन् । बच्चाले नयाँ अनुभवहरू बटुल्न चाहन्छन् । |
| | | 2 | तपाईंको बच्चाले १५ मिनेटभन्दा बढी सम्यसम्म कथा सुन्ने वा कुनै कृयाकलापमा केन्द्रित रहेर प्रतिक्रिया दिन्छन् । | कुनै काम चुनौतीपूर्ण भए पनि बच्चाले काममा लागिपर्न सक्छन् । |
| | | 3 | तपाईंको बच्चाले वस्तुहरू खेलाउँदा आफ्नो कल्पनाशीलता वा सिर्जनशीलताको प्रयोग गर्छन् ? | बच्चाले विभिन्न वस्तुलाई यताउता चलाएर खेल्न सक्छन् । |

| | | | | |
|---|---|---|---|---|
| | | 4 | के तपाईंको बच्चाले कुनै समस्या आफैँ हल गर्न सक्छन् ? | बच्चाले एकभन्दा बढी तरिकाले समस्या समाधन गर्ने कोशिश गर्छन् । |

| सक्छन् | अझै सक्दैनन् | # | स्वास्थ्य, कुशलता र शारीरिक विकास | सक्छन् को उदाहरण |
|---|---|---|---|---|
| | | 1 | तपाईंको बच्चाले शरीरका अङ्गहरू चिन्न र यहाँ छ भनेर देखाउन सक्छन् ? | बच्चाले कसैको सहयोग बिना नै शरीरका विभिन्न अङ्गहरू देखाउन र तिनका नाम बताउन सक्छन् । |
| | | 2 | तपाईंको बच्चाले आधारभूत दिनचर्या आफैँ गर्न सक्छन् ? | बच्चालाई शौचालय जाने बानी बसेको छ,<br>बच्चा आफ्नो हात धुन सक्छन्,<br>बच्चाले कपडा लगाउन सक्छन्,<br>बच्चा दाँत माझ्न सक्छन्,<br>बच्चाले सधैँ एकै समयमा सुत्ने गर्छन् । |
| | | 3 | तपाईंको बच्चाले उपयुक्त सामग्री प्रयोग गरेर आफैँ खान र पिउन सक्छन् ? | बच्चाले उचित तरिकाले काँटा, चम्चा, चक्कू, नेप्किन, प्लेट, कचौरा र कप प्रयोग गर्छन् । |
| | | 4 | तपाईंको बच्चाले सक्रिय/सकल मोटर खेल अनुसार शरीरको चाल समन्वय गर्छन्/गर्न सक्छन् ? | बच्चा भऱ्याङ चढ्न र ओर्लन सक्छन् ।<br>बच्चा कुद्न र बललाई गोडाले हान्न सक्छन् । |

# प्रि-के / किण्डरगार्टन तयारी वस्तुसूचि निगरानीकर्ता (केयरटेकर) - 3/3

| सक्छन् | अझै सक्दैनन् | # | स्वास्थ्य, कुशलता र शारीरिक विकास | सक्छन् को उदाहरण |
|---|---|---|---|---|
| | | 5 | के तपाईंको बच्चाले बाहिरी पहिरन (कोट, जुत्ता, टोपी, पन्जा) आफैँ लगाउन र खोल्न सक्छन् ? (फास्नर, टाँक लगाउने, र तुना/लेस बाँध्ने लगायत) | बच्चाले मोजा, जुत्ता, पाइन्ट, टी-सर्ट, ज्याकेट, पन्जा र टोपी आफैँ लगाउन र खोल्न सक्छन् । |
| | | 6 | तपाईंको बच्चाले नियन्त्रण गरेर आफूले चाहे जसरी कैँची चलाउँछन्/चलाउन सक्छन् ? | बच्चाले सीधा र बाङ्गो रेखामा काट्न सक्छन् । |
| | | 7 | तपाईंको बच्चाले दह्रोसँग समाएर लेख्न वा चित्र बनाउन सक्छन् ? | बच्चाले लेख्ने सिसाकलम आदि समाउन आफ्ना पाँच, चार वा तीन औंलाको प्रयोग गर्छन् । |

मेरो बच्चाको # ____________ वटा 'सक्छन्' भन्ने आयो ।